# व्यास नगरपालिकामा फोहर मैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभाव एक अध्ययन

**त्रिभुवन विश्वविद्याललय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्षको आठौ पत्रको प्रयोजनको लागि प्रस्तुत**

**शोध पत्र**


**शोधकर्ता**

**टिकाराम शर्मा दाहाल**

**रोल्न : ४५/२०६३**

**सिम्बोल नं : ४८०६१२**

**रजिष्ट्रेसन नं. १६१९०-९४**

**समाजशास्त्र मानवशास्त्र विभाग**

**पृथ्वी नारायण क्याम्पस, पोखरा**


**२०७०**

व्यास नगरपालिकामा फोहर मैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभाव एक अध्ययन

**त्रिभुवन विश्वविद्याललय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्षको आठौ पत्रको प्रयोजनको लागि प्रस्तुत**

**शोध पत्र**

**शोधकर्ता**

**टिकाराम शर्मा दाहाल**

**रोल्न :** ४५/२०६३

**सिम्बोल नं :** ४८०६१२

**रजिष्ट्रेसन नं.** १६१९०-९४

**समाजशास्त्र मानवशास्त्र विभाग**

**पृथ्वी नारायण क्याम्पस, पोखरा**

२०७०

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय पृथ्वीनारायण बहुमुखी क्याम्पस मानविकी सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति शोधार्थी छात्र टिकाराम शर्मा दाहालद्वारा तयार पारिएको **"व्यास नगरपालिकामा फोहर मैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभाव एक अध्ययन"** शीर्षकमा शोध पत्र मेरो निर्देशन र सुपरीवेक्षणमा भएको हो । तनहुँ जिल्ला व्यास नगरपालिका वंडा नं. ११ बागबजार टोलको स्थलगत अध्ययन गरेर तयार पारिएको यो शोध पत्र सम्बन्धी उहाँको कार्य प्रति म सन्तुष्ट छु र प्रस्तुत शोधलाई आवश्यक मूल्याङ्कनका लागि सिफारीस गर्दछु ।

मिति :

(अर्जुन प्रसाद पोखरेल)

**शोध निर्देशक**

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षका छात्र श्री टिकाराम शर्मा दाहालद्वारा तयार पारिएको **"व्यास नगरपालिकामा फोहर मैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभाव एक अध्ययन"** शीर्षकको शोध पत्र मूल्याङ्कन समितिबाट समाजशास्त्रको स्नातकोत्तर उपाधिका लागि उचित ठहऱ्याइएकाले स्वीकृति प्रदान गरिएको छ ।

<u>मूल्याङ्कन समिति</u>

(अर्जुन प्रसाद पोखरेल)
**शोध निर्देशक**

(प्रा.डा. विकास कुमार के.सी.)
**बाह्य परीक्षक**

(शान्ति भुसाल)
**विभागीय प्रमुख**
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा

**मितिः**

# कृतज्ञता ज्ञापन

फोहर मैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभाव व्यास नगरपालिका वडा नं. ११ को एक अध्ययन, त्रिभुवन विश्व विद्यालयको पाठ्यक्रम अनुसार समाजशास्त्र/मानवशास्त्र स्नातोकत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका निमित्त यो शोध पत्र तयार पारिएको हो ।

सर्वप्रथम यस शोध पत्र तयार पारी पेश गर्ने अवसर प्रदान गर्ने पृथ्वी नारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभाग एवम् विभागीय प्रमुख उप-प्रध्यापक शान्ति भुषाल ज्यू प्रति कृतज्ञता प्रकट गर्दछु । साथै शोध पत्रको विषय छनोट एवम् प्रस्ताव तयार पार्न सहयोग गर्ने साथै सोध कार्य पूरा गर्न उत्प्रेरित गर्नु हुने र  यस कार्यमा अमूल्य समय दिएर मार्ग निर्देशन गर्नु हुने सोध निर्देशक शिक्षण सहायक अर्जुन प्रसाद पोखरेल ज्यू प्रति कृतज्ञता व्यक्त गर्दछु । शोध पत्र तयारीको क्रममा यो विषयसँग सम्बन्धित पाठ्यपुस्तक प्रदान गर्नु हुने, जि.वी.स, न.पा, विभिन्न विद्वानहरू जसका लेख, रचना, शोधपत्रहरू जस्ता सन्दर्भ साहित्यहरूको अध्ययनबाट मलाई शोध पत्र तयार पार्न आवश्यक जानकारी प्राप्त भयो । ती संर्म्पूण महानुभावहरू प्रति  आभारी छु । साथै यस सोध कार्यमा सुझाव प्रदान गर्ने मित्रहरू कृष्ण राज घिमीरे वीर व. बस्नेत र शम्सेर बहादुर दरैलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा मलाई स्नातकोत्तर तहसम्म पुर्‍याउनका लागि शिक्षा प्रदान गर्ने सम्पूर्ण गुरु प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । विभिन्न दुःख कष्ट सहेर, मेरो शिक्षामा लगानी गर्ने, आदारणीय बुबा जग्गेपति दाहाल, आमा हरीकला दाहाल र मेरो पढाईलाई  निरन्तर दिई हौसला प्रदान गर्ने अर्धाङ्गिनी सपना दाहाल एवम् मेरा छोराहरू सरोज दाहाल र सुरज दाहालमा पनि म हृदय देखि सम्मान र प्रशंसा व्यक्त गर्दछु । यो शोध कार्यलाई कम्प्युटर टाइप गरी सहयोग गर्ने वेलकम कम्प्युटर सर्भिस साथै शोध अध्ययनको अन्तिम सेटिङ गर्ने कार्यमा सहयोग पुऱ्याउने क्विक कम्प्युटर सर्भिस, पोखरा १, बगरप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । अन्तमा यो शोध पत्रबाट भविष्यमा थप अध्ययन गर्न चाहनु हुने महानुभावलाई लाभ हुने आशा राखेको छु ।

**टिकाराम शर्मा दाहाल**

**मिति :**

# शोधसार

*नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, प्राकृतिक विविधता युक्त देश हो । भौगोलिक रुपमा हिमाल, पहाड र तराइ गरी तीन भागमा बाँडिएको छ । नेपालको वर्तमान अवस्थालाई हेर्दा हिमाल र पहाडबाट मानिसहरू बसाइ सरी सदरमुकाम केन्द्रित बन्दै गएको अवस्था छ । गाउँका वस्तीहरू खाली हुँदै गएका छन् भने मानिसहरू आफ्नो सुविधाको निम्ति सहर र सदरमुकाम केन्द्रित बसाइ बन्दै गएको छ । जसका कारण सदरमुकाममा निसको भिड बढ्दै गएर उक्त क्षेत्रमा खानेपानी र सरसफाईमा समस्या देखिएको छ । सहरहरू दैनिक रुपमा आधुनिकीकरण तर्फ उन्मुख हुँदै गएका छन् । आधुनिकीकरण तर्फ उन्मुख हुदै जाँदा धेरै घरहरूको विस्तार भएको छ । कल कारखाना, उद्योग धन्दाहरूको क्रमिक विकास, यातायातको साधनहरूको बढ्दो चाप, होटल व्यवसाय, उद्योग आदिबाट दैनिक रुपमा फोहर उत्पादन  भैरहेको छ । सहरी क्षेत्रमा बढी जनसङ्ख्या भएकै कारण बढी फोहर मैलाको उत्पादन भैरहेको छ । फोहरमैलालाई व्यवस्थित ढङ्गबाट व्यवस्थापन गर्न नसक्दा फोहर मैला यत्रतत्र फालिदा, दुर्गन्ध बढ्ने खतरा, सरुवा रोग लाग्ने खतरा बढ्दै गएको अवस्था छ । साथै प्राकृतिक रुपमा हेर्ने हो भने, हावा दुषित भएको छ । होहल्ला, कोलाहल बढ्दै गएको छ । घरबाट निस्कने फोहर पानीका ढलहरूलाई खोला र नदीमा मिसाइएको छ । सहरमा उत्पादिन फोहरमैलालाई वर्गीकरण नगरी जथाभावी रुपमा नदीमा लगेर थुपारिएको छ । जसको कारणबाट वातावरणीय रुपमा पानी दुषित बन्दै गएको छ । जलप्राणीहरूको विनास भएको छ । नदी खोलाहरू फोहर थुपार्ने र फाल्ने स्थान जस्तै भएको अवस्था छ । धार्मिक रुपमा नदीहरू असुद्ध भएका छन् । आधुनिकीकरण तथा विकासको क्रमसँगै हाम्रो वातावरण त्यस भित्र रहेका स्रोत साधनको अवस्था र सामाजिक रुपमा मानिसमा चेतनाको कमीले आफूले उत्पादन गरेका फोहरमैला आफैले व्यवस्थापन नगरी जथाभावी फाल्दा त्यसबाट निस्कने परिणामले मानिस बिचमा झगडा, तनाव बढ्दै गएको अवस्थाले टोल समाजमा दैनिक रुपमा झगडा हुने गरेको अवस्था बन्दै गएको छ । यस्तो प्रवृत्ति बारे अध्ययन गर्न, व्यास नगरपालिका वडा नं. ११ को बागबजार टोल विकास संस्था अन्तर्गत रहेका ६० घरधुरीमा फोहर मैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभाव विषयमा शोध पत्र तयार पारेको छु ।*

*वर्तमान अवस्था हाम्रो जस्तो गरिब देशमा फोहरमैला व्यवस्थापन गर्न नसक्दा त्यसबाट पर्ने, सामाजिक एवम् वातावरणीय प्रभावका बारेमा सानो क्षेत्रभित्र छोटो समयमा साधन र स्रोतको अभावका बाबजुत त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय*

अन्तर्गत समाजशास्त्र मानवशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्षको आठौं पत्रको प्रयोजनको लागि शोध पत्र तयार पार्न अध्ययन क्षेत्रमा निम्न अनुसारको प्रश्नहरूको उत्तर खोज्दै अध्ययन गर्नु नै उपयुक्त महसुस गरिएको हो । फोहरमैलाको विषयमा धेरै शोध पत्रहरू तयार पारिएका छन् । तर त्यसले पार्ने सामाजिक र वातावरणीय प्रभावको बारेमा अध्ययन गरेको नपाइएको हुँदा निम्न प्रश्नहरूको आधारमा अध्ययन गर्न खोजिएको हो ।

क) प्रत्येक घरमा कति मानिस बस्छन्, कति वटा कोठा संख्या छन् ?

ख) फोहरमैला भन्नाले के बुझ्नुहुन्छ ? तपाइँको घरबाट निस्कने फोहरलाई कहाँ राख्नुहुन्छ ?

ग) फोहरमैलाबाट आम्दानी गर्न सकिन्छ वा सकिदैन र वातावरणलाई कस्तो प्रभाव पारेको छ ?

घ) टोलमा फोहरमैला बढी उत्पादन कुन निकायबाट हुन्छ ? त्यसबाट कस्ता असर देखिएका छन् ?

ङ) तपाइँले फोहरमैला घरमा के मा राख्नुहुन्छ ?

च) फोहरको व्यवस्थापन गर्न कुनै निकाय सक्रिय छ वा छैन ?

आदि जस्ता प्रश्नहरूको उत्तरहरूलाई दस्तावेज तयार पार्नु शोध पत्रको कार्य हो भने यस शोध पत्रको मुख्य उद्देश्य निम्न अनुसार रहेका छन् ।

क) अध्ययन क्षेत्रमा फोहर मैलाले पारेको समस्या पत्ता लगाउनु ।

ख) अध्ययन क्षेत्रमा फोहरमैलाले मानिसको जनजीवनमा पारेको प्रभाव बारे अध्ययन गर्नु ।

ग) फोहरमैलाले वातावरणमा पारेको प्रभाव र मानवीय व्यवहारको अध्ययन गर्नु ।

घ) यस अध्ययनको निष्कर्षले समाजशास्त्रीय अध्ययनकर्ता र भावी योजनाकारहरूलाई कार्यक्रम बनाउन टेवा पुऱ्याउने छ ।

फोहरमैलाले देशका ठूला सहरहरूमा ठूलो महामारीको रुपमा मानिसलाई दुःख दिइरहेको छ । यो अवस्था आउनुमा यसको सही व्यवस्थापन तर्फ ध्यान नजानु, मानिसको लापरवाही र सम्बन्धित निकायको असक्षमताका कारणले यो समस्या बढ्दै गएको छ । व्यास नगरपालिका २, १० र ११ वडाहरू सहरीकरण बढेको र फोहरमैला ३ वटा वडामा मा भएता पनि नमुना अध्ययनका लागि व्यास नगरपालिका वडा नं. ११ को बागबजार टोल

विकास संस्था अन्तर्गत रही, फोहरमैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभावका विषयमा सीमाङ्कन गरी अध्ययन केन्द्रित गरिएको छ ।

यस अध्ययन क्षेत्रमा मानिसको व्यवहार, त्यही व्यवहारबाट समाज र वातावरणमा परेको प्रभावलाई केन्द्रित गरी प्रस्तुत अध्ययनले विश्लेषणात्मक अवधारणात्मक योजना बनाएको छ । यस अध्ययनका क्रममा आधुनिकीकरणको संरचनात्मक प्रकार्यवादी सिद्धान्त, उद्‌विकासको सिद्धान्त र माक्सवादी सिद्धान्तसँग सम्बन्धित गरेर अनुसन्धान गरिएको छ । केही फोहरमैलासँग सम्बन्धित विगतमा गरिएका अध्ययन सम्बन्धी प्रकाशित पुस्तक तथा रचना लेखहरू र केही अप्रकाशित शोध पत्रहरूको अध्ययन गरियो । जसमा अमृतकुमार भण्डारी (२०५९) ले पृथ्वीनारायण क्याम्पस पोखरा समाजशास्त्र विभागको स्नातकोत्तर लागि "The Pollution of the Seti River in Pokhara" एक मानव शास्त्रीय अध्ययन शाक्य निरजको (२०५९) मा तयार पारिएको बुटवल नगरपालिकाको फोहरमैला व्यवस्थापनमा जनसहभागिता, घिमिरे कृष्णराज (२०६८) द्वारा तयार पारिएको व्यास नगरपालिकाको फोहरमैला व्यवस्थापन चुनौती र समस्या, रेग्मी गोपीकृष्ण (२०५५) ले काठमाडौं महानगरपालिकाको वडा नं. ९ मा फोहरमैलाको समस्या, खत्री (१९८७) मा काठमाडौंको विष्णुमति बाग्मती नदीमा पानी कसरी दुषित भैरहेको छ । धमला (१९९०) ले काठमाडौंको पशुपति क्षेत्रमा वातावरण प्रदुषण, शाह (१९९७) ले काठमाडौंको विभिन्न स्थान, असन बागबजार डिल्लीबजार र कालीमाटी क्षेत्रमा प्रदुषित शर्मा (२००३) ले बुटवलको तिनाउ नदी धामको अध्ययन के.सी. (२०५४) ले सेती नदीको पवित्रता कहिलेसम्म प्रो. पब्लिक (२०५७) ले वातावरण सम्बन्धी सार्वजनिक सुनुवाई, घिमिरे लक्ष्मीप्रसाद (२०६२) ले सहरी फोहरमैला ठूलो समस्या र सरल समाधान प्रकाशित हाते पुस्तक लगायतका अन्य पत्रपत्रिका र समीक्षा गरिएको छ । यस शोध अध्ययनको ढाँचा व्याख्यात्मक र विश्लेषणात्मक रहेको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै किसिमले डाटा लिइएको छ । प्राथमिक स्रोतको कार्यक्षेत्र अध्ययन र बन्द र खुला प्रश्नावली अनुसूची अन्तरवार्ता छन् । द्वितीय स्रोतमा लेख, रचना, जनरल, मुखपत्र, शोध ग्रन्थ, तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्लाई साधारण तालिकामा प्रस्तुत गरिएको छ ।

यस अध्ययन अन्तर्गत व्यास नगरपालिका वडा नं. ११ को बागबजार टोल विकास संस्था अन्तर्गतन रहेका १०० घरधुरी मध्ये ६० घरमुलीलाई आधार मानी अध्ययनको रुपमा केन्द्रित गरिएको छ । पूर्व साहित्यहरूमा फोहरमैलाले सामाजिक एवम् वातावरणमा पारेको प्रभावको बारेमा अध्ययन गरेको पाइएन । अहिलेसम्म यस विषयमा अध्ययन भएको हुनाले

त्यो अभाव पूरा गर्ने प्रयास स्वरुप यो शोध कार्य गर्नुपर्ने आवश्यक देखिएको हुनाले यो शाध कार्य गरिएको छ । अध्ययन क्षेत्रमा जातजातिको तालिकामा नेवार २२.९७ प्रतिशत, ब्राह्मण २२.९७ प्रतिशत, दरै १८.९२ प्रतिशत, विश्वकर्मा ११.४ प्रतिशत । यसरी क्रमशः गुरुङ्ग, मगर, क्षेत्री, सार्की ७४ प्रतिशत, ४.८६ प्रतिशत, ३.७९ प्रतिशत रहेका र अन्य रहेको पाइयो । उत्तरदाताको शैक्षिक स्तर १० कक्षासम्म ७६.६७ प्रतिशत, एस.एल.सी. उत्तीर्ण १८.३३ प्रतिशत प्रविणता प्रमाणपत्र तह ५ प्रतिशत रहेको छ । धार्मिक अवस्थामा हिन्दु ९५प्रतिशत, बौद्ध ३.३३ प्रतिशत, मुस्लिम १०.६७ प्रतिशत पाइयो । उत्तरदाताको पेशामा व्यापारमा २५ प्रतिशत, नोकरी १५ प्रतिशत, गृहिणी ३५ प्रतिशत, अध्ययन ३.३३ प्रतिशत, कृषि पशुपालनमा २१.६७ प्रतिशत रहेको छ । फोहरको वर्गीकरणमा छुट्याउने १६.६६ प्रतिशत नछुट्याउने ८३.३३ प्रतिशत पाइयो । उत्तरदातासँग दैनिक फोहरमैला उत्पादनको मात्रामा ३० घरमा १ के.जी. (५० प्रतिशत) २-३ के.जी. २० घरमा ३३.३४ प्रतिशत , ४-५ के.जी. ५ मा ८.३३ प्रतिशत  पाइयो । घरमा रहेको कोठाको विवरण १-६ कोठा हुने २० घर ३३.३३ प्रतिशत, ४-६ कोठा हुने ३० घर ५० प्रतिशत, ७-९ कोठा हुने ८ घर १३.३३ प्रतिशत, १० कोठा हुने २ घर ३.३४ प्रतिशत रहेको छ । त्यसै गरी घरमा व्यवसाय भएको नभएको प्रश्नमा व्यवसाय भएको १३ (२१.६७ प्रतिशत) नभएको ४६ घर (७८.३३ प्रतिशत) रहेको छ ।

फोहरमैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभावका बारेमा गरिएको प्रश्नमा बढी असर पार्छ । ५० (८३ प्रतिशत) र कम असर पर्छ १० घर (१७ प्रतिशत) रहेको पाइयो । यस अध्ययनबाट फोहरमैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभावका विषयमा अध्ययन गर्दा फोहर आफै उत्पादन नभै मानवले प्रयोग गरेका आफूलाई नचाहिने वस्तुहरू व्यवस्थापन नगरी यत्रतत्र फाल्ने कारण, समाजमा शैक्षिक चेतना कमी, भएकै कारण कुनै पनि काममा अग्रसर नहुनु, व्यवस्थापनमा ज्ञानको कमी, जसका कारण नदी खोला, वातावरणमा प्रभाव परेको अवस्था पाइयो । यसरी फोहरमैलालाई राम्रोसँग व्यवस्थापन गर्न सकेको खण्डमा र फोहर वर्गीकरण गरी छुट्याउँदा आम्दानी बढ्ने जसको कारण उक्त रकमलाई फोहर व्यवस्थापनमा पक्ष शिक्षा र चेतनामा खर्च गर्न सकिने अवस्था छ । जथाभावी फोहर फाल्दा हुने बेफाइदा र व्यवस्थापन राम्रो गर्दा हुने फाइदाको बारेमा समुदायका मानिसलाई शिक्षा प्रदान गर्नु र सर्वाङ्गिण विकासमा ध्यान दिनु आवश्यक छ ।

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| **सिफारिस पत्र** | | i. |
| **स्वीकृति पत्र** | | ii. |
| **कृतज्ञता ज्ञापन** | | iii. |
| **विषयसूची** | | iv. |
| **तालिकासूची** | | vii |
| **शोधसार** | | viii |
| | अध्याय : एक | |
| | **परिचय** | **१-९** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्देश्य | ६ |
| १.४ | अध्ययनको महत्व | ६ |
| १.५ | अध्ययनको सीमा | ७ |
| १.६ | अध्ययनको सङ्गठन | ८ |
| | अध्याय : दुई | |
| | **सन्दर्भ साहित्यको समीक्षा/पुनरावलोकन** | **९-१५** |
| २.१ | सैद्धान्तिक समीक्षा | ९ |
| २.२ | उपलब्ध साहित्यको परिचय र समीक्षा | १० |
| | अध्याय : तीन | |
| | **अनुसन्धान पद्धति** | **१६-२२** |
| ३.१ | अनुसन्धान क्षेत्र छनोट | १७ |
| ३.२ | अध्ययनको ढाँचा | १७ |
| ३.३ | तथ्याङ्कको प्रकृति र स्रोत | १७ |
| ३.४ | नमूना छनोट | १७ |
| ३.५ | तथ्याङ्क सङ्कलन विधि | १८ |

३.५.१ प्रश्नावली अनुसूची १८
३.५.२ अवलोकन १८
३.५.३ समूह केन्द्रित छलफल १८
३.५.४ अन्तरवार्ता १८
३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण १९

अध्याय : चार

**तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण** २०–४४
४.१ अध्ययन क्षेत्रको जनसङ्ख्याको वितरण २०
४.२ सामाजिक सांस्कृतिक, आर्थिक र धार्मिक विशेषताहरू २१
४.२.१ शैक्षिक अवस्था २१
४.२.२ स्वास्थ्य सेवा २२
४.२.३ यातायात सुविधा २२
४.२.४ सञ्चार सेवा २३
४.२.५ मनोरञ्जन सेवा २३
४.२.६ सुरक्षा २३
४.२.७ उद्योग र व्यापार २४
४.२.८ ऐतिहासिक तथा पर्यटकीय स्थलहरू २४
४.२.९ धार्मिक तथा सांस्कृतिक अवस्था २५
४.३ अध्ययन क्षेत्रमा जाति/जनजातिको अवस्था २५
४.४ परिवारको प्रकार २६
४.४.१ उत्तरदाताको शैक्षिक स्तर २८
४.५ धर्म २९
४.६ उत्तरदाताको पेशागत विवरण ३०
४.६.१ फोहरमैलाको वर्गीकरण ३१
४.६.२ फोहरमैलाको बेच बिखनको अवस्था ३१
४.७ फोहरमैला व्यवस्थापनको अवस्थाहरू ३२
४.७.१ फोहरमैला उत्पादनका कारणहरु ३२

४.७.२ फोहरमैलाको उत्पादन र मात्रा ३३

४.७.३ घरको बनावट र किसिम ३४

४.७.४ घरमा व्यवसाय भएको र नभएको ३६

४.७.५ फोहरमैलाको कन्टेनरको व्यवस्थापन ३६

४.७.६ नगरपालिकाले हाल फोहरमैलो थुपार्ने ठाउँको अवस्था ३७

४.७.७ फोहरमैल व्यवस्थापन निजी क्षेत्रलाई दिने धारणा ३८

४.८ फोहरमैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभाव ३८

४.८.१ फोहरमैलाले पारेको सामाजिक प्रभाव ३८

४.८.२ वातावरणीय प्रभाव ३९

४.९ फोहरमैला व्यवस्थापनबाट लाभ हुने सम्भावनाहरू ४०

४.१० अध्ययन क्षेत्रमा फोहरमैला व्यवस्थापनमा अन्य संघसंस्थाहरूको भूमिका ४१

## अध्याय : पा“च

**सारांश, निष्कर्ष र सुझाव** **४४–५१**

५.१ सारांश ४४

५.२ प्राप्ति ४६

५.३ निष्कर्ष ४८

५.४ सुझावहरू ४७

सन्दर्भसूचीहरू ४८

अनुसूचीहरु

अनुसूची १ : खुला प्रश्नावली I

अनुसूची २ : उत्तरदाताको नामावली VI

परिशिष्ट ३ : तनहुँ जिल्लामा व्यास नगरपालिका VII

अनुसूची ४ : उत्तरदाताको तस्विरहरू VIII

अनुसूची ५ : वातावरणीय प्रभावका तस्विरहरू IX

# तालिका सूची


| | | |
|---|---|---|
| | | **पेज नं.** |
| तालिका ४.१ | : जातीय आधारका जनसङ्ख्याको वितरण | २० |
| तालिका ४.२ | : छनोट उत्तरदाता परिवारको जातजातिहरूको विवरण | २५ |
| तालिका ४.३ | : छनोट उत्तरदाताको परिवारको प्रकार | २६ |
| तालिका ४.४ | : उत्तरदाताको शैक्षिक स्तर | २८ |
| तालिका ४.५ | : धार्मिक अवस्था | २९ |
| तालिका ४.६ | : उत्तरदाताहरूको पेशागत विवरण | ३० |
| तालिका ४.७ | : फोहोरमैला छुट्टयाउने नछुट्टयाउनेको सङ्ख्या | ३१ |
| तालिका ४.८ | : फोहरमैला बिक्रीबाट आम्दानी हुने कुरा थाहा भएको र नभएको | ३२ |
| तालिका ४.९ | : फोहारमैल उत्पादन गर्ने स्थानहरु | ३३ |
| तालिका ४.१० | : दैनिक सरदर फोहर उत्पादन र मात्रा | ३४ |
| तालिका ४.११ | : घरमा रहेका कोठाहरूको विवरण | ३५ |
| तालिका ४.१२ | : घरमा व्यवसाय भएको र नभएको विवरण | ३६ |
| तालिका ४.१३ | : चोक चोकमा कन्टेनर राख्न उचित छ छैन भन्ने विवरण | ३६ |
| तालिका ४.१४ | : फोहरमैला डम्पिङ गरेको अवस्था | ३७ |
| तालिका ४.१५ | : फोहोरमैलाले पारेको सामाजिक एंव वातावरणीय प्रभावको धारणा | ३७ |